कार्यपालिका बैठक संख्याः ०८

आज मिति २०८१ साल बैशाख ३१ गते तदनुसार नेपाल संवत ११४४ बछलाथ्व ६ सोमबारका दिन बिहान ११:०० बजे बारेकोट गाउँपालिका अध्यक्ष श्री बीर बहादुर गिरी ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरुमा माथि छलफल गरि निम्नानुसारका निर्णयहरु गरियो।

उपस्थिति

| क्र.सं. | पदाधिकारीहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री बीर बहादुर गिरी | अध्यक्ष | |
| २. | श्री नर बहादुर गिरी | उपाध्यक्ष | |
| ३. | श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका | |
| ४. | श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका | |
| ५. | श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ६. | श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका | |
| ८. | श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका | |
| ९. | श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| १०. | श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ११. | श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| १२. | श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १३. | श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १४. | श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका | |
| १५. | श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १६. | श्री विष्णु वि.क. | सदस्य गाउँ कार्यपालिका | |
| १७. | श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १८. | श्री लोक राज खत्री | सदस्य सचिव गाउँ कार्यपालिका | |

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

## बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:-०८-२०८०/०८१)

प्रस्तावहरु:

१. बैठकको समिक्षा सम्बन्धमा।
२. प्र.प्र.अ.लाई विदाइ एंव स्वागत गर्ने सम्बन्धमा।
३. आर्थिक बर्ष २०८१।०८२ को योजना तर्जुमा गोष्ठी सम्बन्धमा।
४. अन्तर पालिका समन्वय बैठक सम्बन्धमा।
५. बालकल्याण अधिकारी तोक्ने सम्बन्धमा।
६. आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना सम्बन्धमा।
७. राजपत्र प्रकाशन सम्बन्धमा।
८. स्थानीय पाठ्यक्रम सम्बन्धमा।
९. अन्तर जिल्ला शिक्षक सरुवा सम्बन्धमा।
१०. शिक्षक दरबन्दी थपघटको लागि कार्यदल गठन सम्बन्धमा।
११. शिक्षकको हाजिर प्रमाणित सम्बन्धमा।
१२. पालिकाको प्रशासकीय भवन सम्बन्धमा।
१३. पालिकाको लोगो निर्माण सम्बन्धमा।
१४. राजश्वको दायरा अभिबृद्धि सम्बन्धमा।
१५. होटल पसल दर्ता सम्बन्धमा।
१६. अख्तियारको सुझाब कार्यान्वयन सम्बन्धमा।
१७. NGO/INGOs को कार्यक्रम सञ्चालन सम्बन्धमा।
१८. O&M सर्भे निर्माण सम्बन्धमा।
१९. मध्यमकालिन खर्च संरचना (MTEF) सम्बन्धमा।
२०. आयोजना सम्झौता भुक्तानी सम्बन्धमा।
२१. रकमान्नतर सम्बन्धमा।
२२. हावाहुरीले गरेको क्षति सम्वन्धमा।
२३. जिल्ला दररेट सम्बन्धमा।
२४. WFP कार्यक्रम संचालन सम्बन्धमा।
२५. सामुदायिक स्वास्थ्य इकाई पुन संचालन सम्बन्धमा।
२६. आर्थिक सहयोग सम्बन्धमा।
२७. ७१ घरधुरीको रकमको बारेमा समन्वय सम्बन्धमा।
२८. प्रधानाध्यापकको व्यवस्थापन सम्बन्धमा।
२९. उच्च शिक्षा छात्रवृत्ति सम्बन्धमा।

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:-०८-२०८०/०८१)

३०. रेडपाण्डा संरक्षण कार्यक्रमलाई निरन्तरता दिने सम्बन्धमा।

३१. प्रदेश सरकारसँग योजना माग गर्ने सम्बन्धमा।

निर्णय नं.१

यस गाउँपालिकाको मिति २०८० साल चैत्र १६ गते बसेको कार्यपालिकाको बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरियो। केही कार्यान्वयन हुन नसकेका निर्णयहरु कार्यान्वयनमा सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने गराउने।

निर्णय नं २

यस बारेकोट गाउँपालिकामा मिति २०८० साल भाद्र १८ गते देखि मिति २०८१ साल बैशाख २२ गते सम्म प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत निवर्तमान प्रमुख प्रशासकीय अधिकृत श्री डिनायट घर्तीले कुशलतापूर्वक काम गर्नु भएकोमा धन्यवाद दिदै नयाँ आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री लोकराज खत्रीलाई स्वागत गरियो।

निर्णय नं ३

आ.व.२०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम र बार्षिक वजेट योजना तर्जुमा गर्नु पूर्व स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा स्थानीय तहमा योजना तथा वजेट तर्जुमा दिगदर्शन २०७४ अनुसार ७ वटा चरणहरु पुरा गर्नु पर्ने व्यवस्था बमोजिम सो सम्बन्धी छलफल गर्न योजना तर्जुमा गोष्ठी मिति २०८१/०२/०३ गते सञ्चालन गर्ने।

निर्णय नं ४

नलगाड नगरपालिकाको कालिमाटी देखि बारेकोट गाउँपालिका सम्मको सडक स्तरोन्नती, सोही खण्डको खाराखोला बेलिबृज पुल निर्माणका सम्बन्धमा छलफल गर्न गाउँपालिका अध्यक्ष, आवश्यकता अनुसार वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र कम्प्यूट अपरेटरको सहभागितामा नलगाड नगरपालिकासँग संयुक्त बैठक बसी जिल्ला समन्वय समिति जाजरकोटसँग र कर्णाली प्रदेश सरकारसँग समन्वय गर्ने।

निर्णय नं ५

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ तथा बारेकोट गाउँपालिकाको बाल अधिकार संरक्षण कार्यविधि २०८० को दफा २५ बमोजिम बालकल्याण अधिकारी नियुक्ति सम्बन्धी व्यवस्था भए अनुसार अर्को व्यवस्था नभए सम्मको लागि बारेकोट गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृत छैठौं श्री राम बहादुर मल्ललाई बाल कल्याण अधिकारी तोक्ने।



लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मितिः- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

**बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः-०८-२०८०/०८१)**

निर्णय नं ६
स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्न आवश्यक खोज उद्धार सामाग्री तथा अन्य सहयोगको लागि विभिन्न दातृ निकायहरुसँग समन्वय गरि सहयोगको लागि अनुरोध गर्ने।

निर्णय नं ७
हाल सम्मका विधायन सभाले पारित गरेका ऐन, संशोधन ऐन, नियमावली र कार्यविधिहरुलाई प्रमाणिकरण गरी राजपत्रमा प्रकाशन गर्ने र हाल सम्म पारित भएका सबै ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरुलाई छुट्टाछुट्टै वर्गिकरण गरि ऐन संग्रहको रुपमा प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृत श्री लोकराज खत्री र कम्प्युटर अपरेटर श्री खीम बहादुर रोकायलाई जिम्मेवारी दिने।

निर्णय नं ८
यस गाउँपालिकाले तयार गरेको "हाम्रो बारेकोट" नामक स्थानीय पाठ्यक्रमको मस्यौदा अन्तिम चरणमा रहेकाले सो पाठ्यक्रम स्वीकृत गर्नका लागि पुनः एक पटक अध्ययन गरी आवश्यक सुझाव सहित स्वीकृत गर्ने।

निर्णय नं ९
शिक्षक सेवा आयोगबाट नाम निकाली यस जिल्ला भन्दा बाहिर जिल्लामा कार्यरत शिक्षकहरुले अन्तर जिल्ला सरुवाको लागि यस कार्यालयले सहमती दिदा तपसिल बमोजिमको प्राथमिकताको आधारमा सरुवा सहमति दिने।

<u>तपसिल</u>

- पहिलो प्राथमिकता अपाङ्गता भएका शिक्षक
- दोश्रो प्राथमिकता महिला शिक्षक
- तेश्रो प्राथमिकता दलित शिक्षक
- चौथो प्राथमिकता जनजाती शिक्षक
- पाँचौ प्राथमिकता अन्य शिक्षक

निर्णय नं १०
संघीय सरकारबाट प्राप्त शिक्षक दरबन्दी, बालविकास दरबन्दी तथा पालिकाबाट वितरण गरिएका शिक्षक तथा बालविकास दरबन्दीको अवस्थाको बारेमा अध्ययन गरी आवश्यकताको आधारमा थप घट गर्नु पर्ने

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............



भएकाले सो कार्य गर्न कार्यपालिकाका सदस्य दील बहादुर नेपालीको संयोजकत्वमा ५ सदस्यीय छानविन समिति गठन गरी सो समितिलाई आवश्यक राय सल्लाह सुझाब सहित अर्को कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्न निर्देशन दिने।

तपसिल

| | |
|---|---|
| १. दील बहादुर नेपाली | संयोजक |
| २. तील बहादुर थापा | सदस्य |
| ३. महेन्द्र बहादुर सिंह | सदस्य |
| ४. कमला नेपाली | सदस्य |
| ५. राम बहादुर मल्ल | सदस्य सचिब |

निर्णय नं ११
सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई तलब भत्ता निकासा गर्दा हाजिर उतार फारममा वडा अध्यक्षहरुले प्रमाणित गरेर पठाए पछि मात्र निकासा उपलब्ध गराउने।

निर्णय नं १२
गाउँपालिकाको प्रशासकीय भवन निर्माणका सम्बन्धमा हाल गाउँपालिकाको भवनको जग्गासँग जोडिएको कम्तिमा ३ रोपनी जग्गा उपलब्ध गराएको खण्डमा पहिलो प्राथमिकता दिने र उपलब्ध नभएको खण्डमा अन्यत्र उपयुक्त स्थान हेरी प्रशासकीय भवन निर्माण लागि प्रक्रिया अगाडी बढाउने।

निर्णय नं १३
गाउँपालिकाको पहिचान झल्कने नलसिंह गाड खोला,कराइचुली हिमालको माथी नेपाली झण्डा,साइकुरी ताल र रेडपाण्डा सहितको पालिकाको लोगो निर्माण गर्नको लागि तपसिल बमोजिमको लोगो निर्माण समिति गठन गरी तत्काल समितिलाई कार्य अगाडी बढाउन निर्देशन दिने।

तपसिल

| | |
|---|---|
| १. राम बहादुर मल्ल | शिक्षा अधिकृत |
| २. श्रम बहादुर सिंह | कार्यक्रम अधिकृत |
| ३. खीम बहादुर रोकाय | कम्प्युटर अपरेटर |



लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मितिः- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

**बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः-०८-२०८०/०८१)**

निर्णय नं १४

विगतमा संकलन भएको राजश्वको दायरा कम भएकाले राजश्वको दायरा बढाउनको लागि आजको मितिले ७ दिन भित्र राजश्व परामर्श समितिको बैठक बसी सो सम्बन्धी निर्णय गर्नका लागि राजश्व परामर्श समितिलाई निर्देशन दिने।

निर्णय नं १५

यस गाउँपालिका अन्तरगत रहेका वडाहरुमा हाल संचालनमा रहेका पसल तथा होटल व्यवसायहरु तोकिएको कानून अनुसार दर्ता भए नभएको अनुगमन गर्न वडा अध्यक्षहरुलाई निर्देशन दिनुका साथै अनुगमन प्रतिवेदन पालिकामा पेश गर्ने र दर्ता नभएका पसल तथा होटल व्यवसायी भेटिएमा त्यस्ता पसल तथा होटलहरुलाई दर्ताको लागि सम्बन्धित वडा कार्यालयले ताकेता गर्ने।

निर्णय नं १६

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.स.२०८०।०८१ च.नं. ५६४ मिति २०८१।०१।२० र २०८०।०८१ च.नं. ५६५ मिति २०८१।०१।२० को प्राप्त पत्र बमोजिमको सुझाव कार्यान्वयन गर्ने।

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सूचना तथा प्रविधि शाखा**
**सिंहदरबार, काठमाडौं**

प.सं.: २०८०/८१
च.नं.: ५६४

मितिः- २०८१ वैशाख २० गते

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. १० को प.सं. सु.स./नीति/१०/०८०/८१ मिति २०८१।१।१० च.नं. ४८२३० को पत्र यसै साथ संलग्न रहेको छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी आयोगको मिति २०८१।१।३ को निर्णयानुसार प्राप्त देहायको सुझाव कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

सुझाव

"निजी जग्गामा सञ्चालित खानी उद्योग वा निजी जग्गा लिजमा लिइ खानी सञ्चालन गर्ने उद्योग वा प्रा.लि. सँग स्थानीय तहले रोयल्टी सङ्कलन गर्दा त्यस्ता खानी सञ्चालन गर्ने उद्योग वा प्रा.लि. सँग के कसरी के कस्तो शर्त बन्देजमा रही कुन मोडालिटिबाट रोयल्टी सङ्कलन गर्ने हो सो समेत स्पष्ट खुल्ने गरी स्थानीय तहले खानी सञ्चालन गर्ने सम्बन्धित उद्योग वा प्रा.लि. सँग सम्झौता गर्न उपयुक्त हुने देखिएकोले सो सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्ने"

शेखर निधि पौड्याल
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं. १०, टङ्गाल, काठमाडौं ।

गाउँ कार्यपालिकाको
मितिः- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:-०८-२०८०/०८१)

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सूचना तथा प्रविधि शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: २०८०/८१
च.नं.: ८६९

मितिः- २०८१ वैशाख २० गते

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु – सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ५ को प.सं. ५ अनु/०८०/८१ मिति २०८१।१।३ च.नं. ५६८१२ को पत्र यसै साथ संलग्न रहेको छ । वितृत व्यहोरा पत्रबाटै अवगत गरी आयोगको निर्णयानुसार प्राप्त देहायको सुझाव कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

सुझाव

१. कडा चट्टान भएको जटिल प्रकृतिको निर्माण कार्य गर्दा/गराउँदा निर्माण उपभोक्ता समिति मार्फत नगराई ठेक्का प्रणाली मार्फत गर्ने/गराउन उपयुक्त हुने देखिएकोले सो तर्फ आवश्यक कदम उठाउने ।

२. निर्माण उपभोक्ता समिति मार्फत गराउनु पर्ने कार्यमा मेशिनको प्रयोग गर्नु नै पर्ने अवस्था आएमा सम्बन्धित प्राविधिकको सिफारिसमा मेशिन प्रयोग गर्नुपर्ने कारण सहितको सिफारिस लिई सम्बन्धित कार्यालयबाट स्वीकृत गराई मेशिनको प्रयोग गर्ने/गराउने र सोही बमोजिम नै लागत अनुमान, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गर्न/गराउन उपयुक्त हुने देखिएकोले सो तर्फ आवश्यक कदम उठाउने ।

शेखर निधि पौडयाल
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं. ५, टङ्गाल, काठमाडौं ।



लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:-०८-२०८०/०८१)

निर्णय नं १७

NGO/INGOs हरुले कार्यक्रम संचालनका लागि समन्वय गर्न गाउँपालिकामा आए पछि सोही मिति देखि नै कार्यक्रमको सान्दर्भिकताको आधारमा कार्यक्रम संचालन गर्न अनुमति दिने र कार्यक्रम संचालन पश्चात नियमितरुपमा अनुगमन गर्ने।

निर्णय नं १८

गाउँपालिकाको दरबन्दी तेरिज, मौजुदा जनशक्ति तथा आवश्यक जनशक्तिको आधारमा O&M तयार गर्न का लागि आवश्यक प्रक्रिय थालनी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रत्यायोजन गर्ने।

निर्णय नं १९

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ अनुसार स्थानीय तहले आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गरी गाउँसभाम पेश गर्नु पर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाको मध्यमकालिन खर्च संचरना (Medium-term Expenditure Frameworks) निर्माणको लागि मिति २०८१।०२।०३ गते गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, शाखा प्रमुख र वडा सचिव ज्यूहरुसँग अन्तरक्रिय छलफल गरी वजेट सिलिङ्ग तयार गर्ने।

निर्णय नं २०

आर्थिक बर्ष २०८०।०८१ मा यस बारेकोट गाउँपालिकाद्धारा संचालित योजना तथा NGO/INGO द्धारा संचालित योजनाहरु सम्झौता गर्न बाँकी रहेको अवस्थामा तत्काल सम्झौता गर्ने र सम्झौता भई काम सम्पन्न भइसकेका योजनाहरु अनुगमन तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने।

निर्णय नं २१

गाउँसभाबाट विनियोजन भएका तपसिल बमोजिमका शिर्षकहरुलाई रकमान्तर गर्ने।

तपसिल

| सि.न. | विनियोजित शिर्षक | रकम रु | रकमान्नतर गरिएको शिर्षक | रकम रु |
|---|---|---|---|---|
| १ | भगवती मा.वि.भवन मर्मत | २००००० | भगवती मा.वि.फिल्ड निर्माण | २००००० |
| २ | महादेव प्रा.वि. रुम्सिल भवन मर्तम | ३००००० | महादेव प्रा.वि. रुम्सिल दिवाखाजा घर निर्माण | ३००००० |
| ३ | चालु कार्यक्रमको कार्यक्रम खर्च | १०००००० | सार्वजनिक सुनुवाई कार्यक्रम | ५००००० |
| ४ | वडा नं ३ को वडा कार्यालय घेराबार ढलान एंव स्तरोन्नती | १५०००० | ३ नं वडा कार्यालय गेट निर्माण र घेराबार ढलान | १५०००० |



लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मितिः- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः-०८-२०८०/०८१)

निर्णय नं २२

मिति २०८० साल चैत्र १७ गते हावाहुरीको कारणले वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा क्षति भएका विवरण प्राप्त भएकाले जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन हुदै पुन निर्माण प्राधिकरणलाई राहत तथा पुनः निर्माणका लागि आवश्यक सहयोग गरी दिन अनुरोध गर्ने।

निर्णय नं २३

यस गाउँपालिकाले जनशक्ति अभावका कारण हाल सम्म स्थानीय दररेट तयार गरि नसकेको अवस्थामा मिति २०८० साल असार २९ गते सार्वजनिक खरिद नियमावली २०६४ को नियम (१४८) उपनियम (१) अनुसार गठित जिल्ला दररेट समितिले तोकेको दररेटलाई नै मान्य हुने गरि आर्थिक बर्ष २०८०।०८१ मा सञ्चालित आयोजनामा लागु गर्ने।

निर्णय नं २४

यसै चालु आर्थिक वर्ष देखि नै संचालन हुनेगरी विश्व खाद्य कार्यक्रम (WFP) बाट योजनाहरु स्वीकृत भई आएकाले तपसिलका योजनाहरुलाई अनुमोदन गर्ने र योजना कार्यान्वयनमा आइसके पश्चात गाउँपालिकाले नियमित अनुगमन गर्ने।

तपसिल

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

**Priority of EQ Damaged Infrastructure for REDI**
**Barekot RM, Jajarkot**

| S.N | Name of Infrastructure | Type | Ward no. | Tole | Unit | Quantity | Remarks | Additional information |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Fadkakhola -Ramidanda Microhydro Canal | MHP rehab | 1 | Ramidanda | KW/HA | 16/50 | Rehab | Lining-3 KM, gabion, masonry, powerhouse maintenance, vegetation |
| 2 | Limsa to Rokayagaun Road improvement | Road improvement | 2 | Rokayagaun | KM | 14 | Maintenance | Road side drain, cutting/widening, gabion, masonry, recharge pond,vegetation work |
| 3 | Gagrakhola Microhydro Canal | MHP rehab | 3 | Mulsam | KW | 83 | Rehab | Canal |
| 4 | Aiyarikhola Micro Hydro Canal | MHP rehab | 4 | LImka | KW/HA | 32/8 | Rehab | Lining-2 KM, gabion, masonry, powerhouse maintenance, vegetation |
| 5 | Sagini Khola to Thadabagar Irrigation | Irrigation rehab | 5 | Thadabagar | HA | 20 | Rehab | Lining, gabion, dry wall, masonry work |
| 6 | Dhoreni Microhydro Canal | MHP rehab | 6 | Dhoreni | KW | 48 | Rehab | Lining-1 KM, gabion, masonry, powerhouse maintenance, vegetation |
| 7 | Simtara Micro Hydro Canal | MHP rehab | 7 | Simtara | KW | 51 | Rehab | Lining-1 KM, gabion, masonry, powerhouse maintenance, vegetation |
| 8 | Sepukhola Irrigation Canal | Irrigation | 8 | Sepukhola | HA | 35 | Reconstruction | Lining, gabion, dry wall, masonry work, slope stabilization |
| 9 | Purano Dhara DWS | DWS rehab | 9 | Mathi Kapti | HH | 45 | Rehab | Water supply and sanitation |
| 10 | Sinakot Irrigation | Irrigation rehab | 1 | Sinakot | HA | 35 | Rehab | Lining, gabion, dry wall, masonry work, slope stabilization |
| 11 | Rokayagaun-Dhyargaun-Ayarna Road | Road improvement | 2 | Dhayargaun | KM | 14 | Maintenance | Road side drain, cutting/widening, gabion, masonry, recharge pond,vegetation work |
| 12 | Budhagaun to Mulsam Road | Road improvement | 3 | Budhagaun | KM | 15 | Maintenance | Road side drain, cutting/widening, gabion, masonry, recharge pond,vegetation work |
| 13 | Kumda Irrigation Canal | Irrigation rehab | 4 | Kumda | HA | 30 | Rehab | Lining-2KM, gabion, dry wall, masonry work, slope stabilization |
| 14 | Kallebari Drinking Water | DWS rehab | 5 | Pakha | HH | 60 | Rehab | Water supply and sanitation |
| 15 | Ward office to Dhuma Road | Road improvement | 6 | Dhuma | KM | 14 | Maintenance | Road side drain, cutting/widening, gabion, masonry, recharge pond,vegetation work |
| 16 | Sita Secondary School | School recon | 7 | Garaglichaur | rooms | 5 | Reconstruction | Rooms, gender friendly toilet, handwashing corner and boundary wall around school |
| 17 | Machhernakhola Microhydro Canal | MHP rehab | 1 | Sirpachaur | KW | 11 | Rehab | Lining-3.5 KM, gabion, masonry, powerhouse maintenance, vegetation |

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मिति:- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:-०८-२०८०/०८१)

निर्णय नं २५

बारेकोट गाउँपालिका वडा नं १ र ८ मा रहेका सामुदायिक स्वास्थ्य इकाइहरु विविध कारणले सञ्चालनमा हुन नसेको हुँदा उक्त स्थानमा रहेका सामुदायिक स्वस्थ्य इकाईहरुलाई समुदाय स्तरबाट संचालनका लागि माग भइ आएकाले पुनः सञ्चालनमा ल्याउने र आधारभुत अस्पताल लिम्सा र स्वास्थ्य चौकी नायकवाडामा जनशक्ति अभावका कारण स्वयंमसेविकाको रुपमा काम गरिरहेका जनशक्तिलाई आवश्यक प्रक्रिया पुऱ्याएर नियुक्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने।

निर्णय नं २६

यस गाउँपालिका अन्तरगत रहेका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु, कृषि विकास शाखा, पशु सेवा शाखा शिक्षा युवा तथा खेलकुद शाखा सामुदायिक विद्यालय लगाएत समग्र पालिकाबाट संचालित हुने सेवा प्रवाहका विषयमा तेस्रो पक्षबाट सरोकारवालाहरु विच सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नु पर्ने कानुनी व्यवस्था भएकाले तपसिलको मिति र स्थानमा सो कार्यक्रम सञ्चालन गर्ने।

तपसिल

| सि.न. | मिति | स्थान | कैफियत |
|---|---|---|---|
| १ | २०८१।०२।१५ | १ नं वडा कार्यालय रामीडाँडा | |
| २ | २०८१।०२।१६ | २ नं वडा कार्याल रोकायगाउँ | |
| ३ | २०८१।०२।१७ | ३ नं वडा कार्यालय कठ्ठर | |
| ४ | २०८१।०२।१८ | ४ नं वडा कार्यालय बोहराजिरी | |
| ५ | २०८१।०२।१९ | ५ नं वडा कार्यालय सिलिङ्गीचौर | |
| ६ | २०८१।०२।२० | ६ नं वाडा कार्यालय घर्तीगाउँ | |
| ७ | २०८१।०२।२१ | ७ नं वडा कार्यालय पातीहाल्न | |
| ८ | २०८१।०२।२२ | ८ नं वडा कार्यालय सेपुखोला | |
| ९ | २०८१।०२।२३ | ९ नं वडा कार्यालय सक्लाचौर | |
| १० | २०८१।०२।२५ | गाउँपालिकाको कार्यालय लिम्सा | |

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मितिः- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

## बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः-०८-२०८०/०८१)

निर्णय नं २७

मिति २०८० साल चैत्र १७ गते आएको हावाहुरीले बाटोमा हिड्दै गर्दा भिरबाट ढुङ्गा खसेर गम्भीर घाइते हुनु भई काठमाण्डौं ट्रमा सेन्टरमा उपचार गरिरहनु भएका बारेकोट गाउँपालिका वडा नं ७ निवासी श्री बाग बहादुर वलीलाई उपचार खर्च बापत रु ५००००। (अक्षरुपी पचास हजार रुपैया मात्र) आकस्मिक उपचार कोषबाट भुक्तानी हुने गरी उपलब्ध गराउने।

निर्णय नं २८

मिति २०७७ साल असार २५ गते राती अविरल बर्षाको कारण पहिरो गई विभिन्न वडाहरुमा पूर्णरुपमा क्षती भएका घरहरुको पुनः निर्माणका लागि स्वीकृत भई ७१ जना घरका घरमुलीहरुसँग प्रति घर ४,००,०००।– (चार लाख रुपैयाँ मात्र) का दरले सम्झौता भई घर समेत निर्माण भइसेको तर पालिकाले व्यहोर्ने रकम रु ४०,०००।-(चालिस हजार रुपैयाँ मात्र) भुक्तानी गरिएको छ भने सङ्घीय सरकारबाट प्राप्त भएको रकम रु ५०,०००।- (पचास हजार रुपैयाँ मात्र) पेश्की उपलब्ध गराइएको छ सम्झौता अनुसारको बाँकी रकम रु ३,१०,०००।- (तीन लाख दश हजार रुपैयाँ मात्र) का दरले ७१ जनाको जम्मा हुन आउने रकम रु २,२०,१०,०००।- **(बाइस करोड दश हजार रुपैयाँ मात्र)** यथाशिघ्र उपलब्ध गराउनका लागि पुनः निर्माण प्राविधकरण, DEOC र PEOC सँग समन्वय गर्ने।

निर्णय नं २८

बारेकोट गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा प्रधानाध्यापक रहने व्यवस्था रहे बमोजिम प्रधानाध्यापक तथा निमित्त प्रधानाध्यापक छनौट गर्दा शिक्षा नियमावली २०५९ को दफा ९३ बमोजिम विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये बरिष्ठतम स्थायी शिक्षकलाई छनौट गर्न विद्यालयहरुलाई परिपत्र गर्ने।

निर्णय नं २९

बारेकोट गाउँपालिकाद्धारा प्रत्येक आर्थिक बर्षमा वितरण गरिदै आएको उच्च शिक्षा अध्ययनका लागि छात्रबृत्ति कार्यक्रम अन्तरगत चालु आर्थिक बर्षमा उक्त छात्रबृत्ति वितरणका लागि चिकित्सा शास्त्र, कानून र मनोसामाजिक विमर्शकर्ता अध्ययन गरिरहेका विद्यार्थीहरुबाट आबेदन संकलन गरी वितरण गर्ने।

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
मितिः- २०८१/०१/३१ को
निर्णय प्रमाणित ..............

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः-०८-२०८०/०८१)

निर्णय नं ३०

विश्वको दुर्लभ बन्यजन्तु हाब्रे (RED PAND) लाई संरक्षण गर्ने उदेश्यले आर्थिक बर्ष २०७९/०८० मा डाँफे यूवा क्लब जाजरकोटसँग साझेदारी गरी कार्यक्रम संचालन गर्दै आइरहेकोले उक्त कार्यक्रमलाई निरन्तरता दिन सान्दर्भिक देखिएको तथा यस चालु आर्थिक बर्षको बार्षिक बजेट कार्यक्रममा स्वीकृत भइसकेको हुँदा डाँफे क्लबको साझेदारीमा कार्यक्रम संचालन गर्ने।

निर्णय नं ३१

आर्थिक बर्ष २०८१/०८२ का लागि खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय जाजरकोट मार्फत कर्णाली प्रदेश मन्त्रालयमा तपसिल बमोजिमका योजनाहरु समावेश गर्न माग गर्ने।

तपसिल

क.खानेपानी

१. गोलखारा जुगेना खानेपानी योजना वडा नं ८

२. तलकोट तोलखाना खानेपानी योजना वडा नं ५

ख.सिचाई

३. पदेरा सिचाई योजना वडा नं ५

४. सक्ला सिचाई योजना वडा नं ९

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत